# संवत् २०८२ साल वैशाख ८ गते बसेको मन्त्रिपरिषद्को बैठकका निर्णयहरू:

प्र.मं.प.बै.सं. १।०८२

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय | गण्डकी प्रदेश आमसञ्चार नियमावली, २०८२ स्वीकृत गर्ने। |
| २. | उद्योग तथा पर्यटन मन्त्रालय | लोकाहाखोला औद्योगिक क्षेत्र स्थापनाका लागि जग्गाको भोगाधिकार प्रदान गर्न नेपाल सरकारसमक्ष अनुरोध गर्ने। |
| ३. | उद्योग तथा पर्यटन मन्त्रालय | पूँडिटार औद्योगिक क्षेत्र स्थापनाका लागि जग्गाको भोगाधिकार प्रदान गर्न नेपाल सरकारसमक्ष अनुरोध गर्ने। |
| ४. | वन तथा वातावरण मन्त्रालय | दर्ता भएको निजी वनमा लगाइएका वा हुर्काइएका साल प्रजातिका रुख कटान, उपभोग, ओसारपसार र बिक्री वितरणको सम्बन्धमा प्रदेश सरकारले गर्ने अनुगमनको कार्य सम्बन्धित जिल्लाको डिभिजन वन कार्यालयले गर्ने। |
| ५. | सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय | शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण सम्बन्धी निर्देशिका, २०८२ स्वीकृत गर्ने। |
| ६. | सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय | मनकामना क्षेत्र विकास समितिको संगठन तथा व्यवस्थापन प्रतिवेदन, २०८२ स्वीकृत गर्ने। |
| ७. | स्वास्थ्य मन्त्रालय | आँपपिपल र बुर्तिवाङ अस्पताल व्यवस्थापन समिति गठन आदेश स्वीकृत गर्ने। |
| ८. | स्वास्थ्य मन्त्रालय | क्यान्सर रोग उपचार आर्थिक सहायता कार्यविधि, २०८२ स्वीकृत गर्ने। |
| ९. | स्वास्थ्य मन्त्रालय | अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०८० संशोधन गर्ने। |
| १०. | स्वास्थ्य मन्त्रालय | धौलागिरी प्रादेशिक अस्पताल, बागलुङ, मध्यविन्दु प्रादेशिक अस्पताल, नवलपरासी (ब.सु.पू.), प्रादेशिक जनरल तथा सरुवा रोग अस्पताल, पोखरा, मातृशिशु मितेरी प्रादेशिक अस्पताल, कास्की, प्रदेश अस्पताल, तनहुँ, पर्वत, स्याङ्जा, मुस्ताङ र मनाङको स्तरोन्नतीका लागि संगठन संरचना सर्वेक्षण गर्न सैद्धान्तिक स्वीकृत दिने। |

गण्डकी प्रदेश सरकार मन्त्रिपरिषद्को निर्णय

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाट प्राप्त गर्न सकिने।*

# संवत् २०८२ साल बैशाख १० गते बसेको मन्त्रिपरिषद्को बैठकका निर्णयहरू:

प्र.मं.प.बै.सं. २।०८२

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक पदमा पोखरा-३१, कास्की निवासी श्री सुरेन्द्रबाबु तिवारीलाई नियुक्ति गर्ने। |
| २. | सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय | गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको कार्यकारी निर्देशक पदमा मादी-४, कास्की निवासी डा. सोमनाथ सापकोटालाई पुनः नियुक्ति गर्ने। |

गण्डकी प्रदेश सरकार मन्त्रिपरिषद्का निर्णयहरू

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाट प्राप्त गर्न सकिने।*

# संवत् २०८२ साल वैशाख ३० गते बसेको मन्त्रिपरिषद्को बैठकका निर्णयहरू:

प्र.मं.प.बै.सं. ३।०८२

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सभाको अधिवेशन आह्वान गर्न गण्डकी प्रदेशका माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सचिव श्री ध्रुव गिरीलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पदस्थापन गर्ने। |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | दिनेश कुमार घिमिरे र बाल कुमार श्रेष्ठलाई एघारौं तहको नियुक्ति दिई क्रमशः पूर्वाधार विकास निर्देशनालय, पोखरा र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, पोखरामा पदस्थापन गर्ने। |
| ४. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मन्त्रिपरिषद्का सदस्यहरूको प्रतिक चिन्ह (लोगो) स्वीकृत गर्ने। |
| ५. | आर्थिक मामिला मन्त्रालय | बिदा पर्यटन कार्यक्रमका लागि सम्बन्धित मन्त्रालयहरूमा बजेट व्यवस्थापन गर्ने। |
| ६. | भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय | गण्डकी प्रदेश राईड सेयरिङ (नियमन र व्यवस्थापन) नियमावली, २०८२ स्वीकृत गर्ने। |

गण्डकी प्रदेश सरकार मन्त्रिपरिषद्को निर्णयहरू

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाट प्राप्त गर्न सकिने।*

# संवत् २०८२ साल जेठ १२ गते बसेको मन्त्रिपरिषद्को बैठकका निर्णयहरू:

**प्र.मं.प.बै.सं. ४।०८२**

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | फेवाताल संरक्षणको लागि पोखरा उपत्यका नगर विकास समितिलाई अनुदान रकम उपलब्ध गराउने। |
| २. | आर्थिक मामिला मन्त्रालय | आर्थिक वर्ष २०८२/८३ को लागि विनियोजन विधेयकमा समावेश हुने सरकारको बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकता प्रदेश सभामा पेश गर्न स्वीकृति दिने। |
| ३. | वन तथा वातावरण मन्त्रालय | गण्डकी प्रदेशको वन संवर्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन निर्देशिका, २०८२ स्वीकृत गर्ने। |
| ४. | सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय | गण्डकी प्रदेश दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालन कार्यवधि, २०८२ स्वीकृति गर्ने। |
| ५. | स्वास्थ्य मन्त्रालय | अस्पताल व्यवस्थापन समितिको आर्थिक कार्यविधि, २०८२ स्वीकृत गर्ने। |
| ६. | स्वास्थ्य मन्त्रालय | धौलागिरी प्रादेशिक अस्पताल, बागलुङ, मध्यविन्दु प्रादेशिक अस्पताल, नवलपरासी (ब.सु.पू.), प्रादेशिक जनरल तथा सरुवा रोग अस्पताल, पोखरा, मातृशिशु मितेरी प्रादेशिक अस्पताल, कास्की, प्रदेश अस्पताल, तनहुँ, पर्वत, स्याङ्जा, मुस्ताङ र मनाङको सर्वेक्षण प्रतिवेदन स्वीकृत गरी स्तरोन्नती गर्ने। |
| ७. | विविध | आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम सम्बोधन हुने मिति २०८२।०२।२१ गते दिनको १:०० बजे प्रदेश सभा बैठकमा सम्बोधन गर्न माननीय प्रदेश प्रमुखज्यू समक्ष सिफारिस गर्ने तथा समय व्यवस्थापन गर्न गण्डकी प्रदेश सभा सचिवालयलाई लेखी पठाउने। |
| ८. | विविध | प्रादेशिक जनरल तथा सरुवा रोग अस्पताल, पोखराका कार्यकारी निर्देशक डा. विकास गौचनको राजीनामा स्वीकृत गर्ने। |

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाट प्राप्त गर्न सकिने।*

# संवत् २०८२ साल जेठ १४ गते बसेको मन्त्रिपरिषद्को बैठकका निर्णयहरू:

**प्र.मं.प.बै.सं. ५।०८२**

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | गणतन्त्र दिवस, २०८२ को अवसरमा विभिन्न विधामा पुरस्कृत गर्ने र पुरस्कार रकम निर्धारण गर्ने |

गण्डकी प्रदेश सरकार मन्त्रिपरिषद्को निर्णयहरू

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाट प्राप्त गर्न सकिने।*

# संवत् २०८२ साल जेठ १९ गते बसेको मन्त्रिपरिषद्को बैठकका निर्णयहरू:

**प्र.मं.प.बै.सं. ६।०८२**

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम स्वीकृत गरी प्रदेश सभामा पेश गर्न स्वीकृति दिने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | महालेखापरीक्षकको सातौं वार्षिक प्रतिवेदन, २०८२ तथा प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेशको चौथो वार्षिक प्रतिवेदन प्रदेश सभामा पेश गर्न स्वीकृति दिने। |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | फिलिपिन्सको मलिनामा सञ्चालन हुने वैदेशिक गोष्ठीमा भाग लिन वन तथा वातावरण मन्त्रालयका प्रदेश सचिव श्री जीवनाथ पौडेललाई मनोनयन गर्ने। |
| ४. | वन तथा वातावरण मन्त्रालय | वन्यजन्तु उद्दार तथा व्यवस्थापन केन्द्रको स्थापना गरी उक्त केन्द्रको अस्थायी संगठनात्मक ढाँचा र दरवन्दी स्वीकृत गर्ने। |

गण्डकी प्रदेश सरकार मन्त्रिपरिषद्को निर्णयहरू

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाट प्राप्त गर्न सकिने।*

# संवत् २०८२ साल जेठ ३१ गते बसेको मन्त्रिपरिषद्को बैठकका निर्णयहरू:

प्र.मं.प.बै.सं. ७।०८२

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश प्रशासनिक संरचना पुनरावलोकन अध्ययन तथा सुझाव समितिबाट प्राप्त सुझाव कार्यान्वयन गर्ने। |
| २. | सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय | कोरिया अन्तराष्ट्रिय सहायता एजेन्सी (KOICA) मार्फत फेदिखोला-१, गुर्धुम, स्याङ्जामा कार्यान्वयन हुने Infrastructure Development of Gandaki Institute of Technology Under the Gandaki Technical Education and Vocational Training Academy को लागि अनुदान सहायताको समझदारी पत्रमा हस्ताक्षरको लागि नेपाल सरकारलाई परामर्श सहित सिफारिस गर्ने। |
| ३. | स्वास्थ्य मन्त्रालय | प्रादेशिक जनरल तथा सरुवा रोग अस्पताल, पोखराको कार्यकारी निर्देशकको पद रिक्त रहेकोले थप आर्थिक दायित्व सिर्जना नहुने गरी अर्को व्यवस्था नभएसम्मको लागि आर्थिक तथा प्रशासनिक अधिकार प्रयोग गर्ने गरी कन्सल्टेन्ट जलरल फिजिसियन नवौं तहका डा. सरोजा पोखेललाई कामकाजका लागि जिम्मेवारी तोक्ने। |
| ४. | स्वास्थ्य मन्त्रालय | बुर्तिवाङ अस्पताल विकास समितिको अध्यक्ष पदमा ढोरपाटन नगरपालिका, बागलुङका कार्यबाहक नगर प्रमुख धन बहादुर कायतलाई नियुक्ति गर्ने। |

गण्डकी प्रदेश सरकार मन्त्रिपरिषद्‌का निर्णयहरू

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाट प्राप्त गर्न सकिने।*

# संवत् २०८२ साल असार १ गते बसेको मन्त्रिपरिषद्को बैठकका निर्णयहरू:

प्र.मं.प.बै.सं. ८।०८२

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | आर्थिक मामिला मन्त्रालय | गण्डकी प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८२/८३ को राजस्व र व्ययको अनुमान, बजेट सम्वद्ध विधेयक, दस्तावेज तथा पुस्तिका गण्डकी प्रदेश सभासमक्ष पेश गर्न स्वीकृति दिने |

गण्डकी प्रदेश सरकार मन्त्रिपरिषद्को निर्णयहरू

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाट प्राप्त गर्न सकिने।*

# संवत् २०८२ साल आसार १६ गते बसेको मन्त्रिपरिषद्को बैठकका निर्णयहरू:

**प्र.मं.प.बै.सं. ९।०८२**

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रेस रजिष्ट्रारको कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०८२ स्वीकृत गर्ने। |
| २. | आर्थिक मामिला मन्त्रालय | बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत (तेस्रो संशोधन) कार्यविधि, २०८२ स्वीकृत गर्ने। |
| ३. | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | गण्डकी प्रदेश भू-उपयोग परिषद्को विशेषज्ञ सदस्यको रुपमा कृष्णबहादुर के.सी, बेनी बहादुर बस्नेत, हरि कुमारी चौधरी र निर्जला रावतलाई मनोनयन गर्ने। |
| ४. | स्वास्थ्य मन्त्रालय | चिकित्सा शिक्षा विधाका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्न स्वीकृति प्रदान गर्ने। |
| ५. | विविध | नेपाल मुस्लिम युवा समिति पोखरा-१३, कास्कीलाई रु. दुई लाख र नेपाल पत्रकार महासंघ, गण्डकी प्रदेश कार्यसमितिलाई रु. तीन लाख रुपैयाँ संघसंस्थालाई दिइने अनुदान सहायता उपलब्ध गराउने। |
| ६. | विविध | अधिकृत एघारौं (प्रा.) श्री बासुदेव काफ्लेलाई कृषि विकास निर्देशनालय, गण्डकी प्रदेशको महानिर्देशकको पदमा पदस्थापन गर्ने। |
| ७. | विविध | आर्थिक मामिला मन्त्रालयका प्रदेश सचिव श्री राजेन्द्र देव पाण्डेलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशमा कामकाजमा खटाउने। |

गण्डकी प्रदेश सरकार मन्त्रिपरिषद्को निर्णयहरू

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाट प्राप्त गर्न सकिने।*